600

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३८०/२०७१/०७२

निर्णय नं.१२

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-२४ बस्ने बलबहादुर चन्द ..................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँके .......................................१ विपक्षी
सूचना अधिकारी, नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँके .......................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-२४ बस्ने बलबहादुर चन्दले नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।२० मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. यस उपमहानगरापालिका वार्ड नं. १ धम्बोझीस्थित चन्द्रनाथ टोलमा निमार्णाधिन स्वास्थ्य केन्द्र निर्माणका लागि कति बजेट छुट्टाईएर खर्च गरिएको छ ? त्यसैको लागत स्टिमेट कागजको प्रमाणित प्रतिलिपि र सो भवन निमार्णको लागि कहिले कसलाई ठेक्का दिइएको छ ? सो सम्झौता पत्रको प्रमाणित प्रतिलिपि ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।